नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानवस्रोत विकास केन्द्र**
पाठ्यक्रम तथा सामग्री शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- २०७९/०८०
च.नं. 858

फोन :०१–६६३३६२५
फ्याक्स : ०१–६६३३६२५

मिति २०८०/०२/०१

विषय : विद्यालय हाताबाट शैक्षिक सामग्री बिक्रीबितरण नगर्ने नगराउने सम्वन्धमा ।

श्री सबै विद्यालयहरू ।

प्रस्तुत विषयमा विद्यालय एउटा सेवामूलक संस्था हो त्यसैले विद्यालयमा नियमित रुपमा पठनपाठन सञ्चालन गरी विद्यार्थीको सर्वाङ्गीण विकासमा सहयोग गर्नु विद्यालयको प्रमुख कर्तव्य हो । विद्यालय हाताबाट व्यावसायिक रुपमा कुनैपनि शैक्षिक सामग्री बिक्री वितरण गर्न नहुने व्यवस्था शिक्षा नियमावली २०५९ को नियम ३७ मा छ । कतिपय विद्यालयहरूले व्यावसायिक रुपमा विद्यालय हाताबाट शैक्षिक सामग्री बिक्रीबितरण गरेको भन्ने गुनासाहरू आएकाले आगामी दिनमा विद्यालयहरूले विद्यालय हाताबाट शैक्षिक सामग्री बिक्रीबितरण नगर्न नगराउन निर्देशानुसार अनुरोध छ ।

बोधार्थ
श्री सबै स्थानीय तह – अनुगमन गर्नगराउन अनुरोध छ ।
श्री सबै शिक्षा विकास तथा समन्वय इकाइ – अनुगमन गरी प्रतिवेदन पेश गर्न ।

सविता दंगाल
निर्देशक